# टीकापुर नगरपालिकाको तेह्रौं नगरसभा समक्ष नगर उप-प्रमुख श्री खडक बहादुर शाहले प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

आ.व. २०८०/०८१

०७ असार २०८०


वेबसाइट :**www.tikapurmun.gov.np**

ईमेल:**tikapurmun@gmail.com**

## टीकापुर नगरपालिकाका उप-प्रमुख श्री खडक बहादुर शाहज्यूले २०८०/०३/०७ गते नगरपालिकाको नगर सभामा प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

**अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

सर्वप्रथम प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र देखि संघियता प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, राजनीतिक संघर्षहरूमा ज्यानको बाजी लगाउने सम्पूर्ण ज्ञात, अज्ञात महान शहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु । शहिदहरूको सपना पूरा गर्ने यस महत्वपूर्ण घडीमा तपाईँहामी सबैलाई उत्साह र जनमाया मिलोस् भन्ने कामना समेत गर्न चाहन्छु ।

स्थानीय तहको दोस्रो निर्वाचन २०७९ मा निर्वाचित भई टिकापुर नगरपालिकाको सेवामा विगत एक वर्ष देखि समर्पित हुँदै सफल जिम्मेवारी सम्पन्न गर्नु भएका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुलाई धन्यवाद दिदै यस सभाका सम्पूर्ण सदस्यहरुलाई आगामी समयावधिमा थप सफलताको शुभ कामना समेत व्यक्त गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

सुदूरको सुन्दरता र शासकीय गौरव बोकेको यस नगरपालिकाले उपलब्ध साधन श्रोतको प्रभावकारी रूपमा उपयोग गर्न सक्ने हो भने यस नगरपालिकालाई एक समृद्द नगरपालिका बनाउन सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् । जसमा सबैको सार्थक भूमिका आवश्यक छ ।

**अध्यक्ष महोदय,**

यसका लागि नगरपालिका अन्तर्गत क्रियाशिल सम्पूर्ण राजनीतिक दल तथा आम सर्वसाधारण लगायत सबै सरोकारवालाहरूको उल्लेखनीय सहयोगका लागि यसै सभा मार्फत अनुरोध गर्न चाहन्छु । यसका लागि नगर कार्यपालिका, त्यसमा रहेका विभिन्न समितिहरु र नगरसभाका समिति र सदस्यज्यूहरू अझ बढी जिम्मेवार, संवेदनशिल, जवाफदेहि हुन जरूरी भएको छ ।

**<u>अध्यक्ष महोदय,</u>**

अब म चालु आर्थिक वर्षमा यस नगरपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु ।

- नगरपालिकाको ठुला योजना कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।
- नगर तथा वडाका उपभोक्ता समितिबाट सम्पन्न हुने निर्माण कार्य उच्च प्रतिशत सहित सम्पन्न हुने चरणमा छन् ।
- सम्पन्न आयोजना तथा कार्यक्रम हस्तान्तरणको चरणमा छन् ।
- संघीय र प्रदेश समपुरक र विशेष अनुदानका योजना कार्यन्वयन भइ अन्तिम भुक्तानीको चरणमा छन् ।
- नगरपालिकाको चालु बजेट खर्च सन्तोषजनक छ ।

मूलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयनमा सामान्य प्राविधिक समस्या बाहेक अन्य कठिनाइहरु कम महसुस हुदै गैरहेका छन् ।

आउँदा दिनहरूमा उल्लिखित प्राविधिक कठिनाइ र प्रभावको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गरी आ.व. समाप्ति हुनु भन्दा कम्तिमा दुइ महिना अगाडि अर्थात बैशाख मसान्त भित्र नै कार्य सम्पन्न गर्नको लागि अनिवार्य प्रयास र निरन्तरता जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष समाप्ति हुनै लाग्दा यस आर्थिक वर्षको संशोधित खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. मा जम्मा बजेटमा संशोधित आय अनुमान तथा विनियोजन १ अर्ब ५ करोड १५ लाख ७१ हजार ३ सय ९० रुपिया भएकोमा पुंजीगत तर्फ विनियोजित बजेट ४२ करोड ९५ लाख ४४ हजार २ सय ७४ रु. मध्ये हाल सम्म २२ करोड २६ लाख ३ हजार १७ रु.खर्च अर्थात ५१.८२ प्रतिशत र चालु तर्फ विनियोजित बजेट ६२ करोड २० लाख २७ हजार १ सय १६ रु. मध्ये ४४ करोड ५२ लाख ११ हजार ४ सय ७० रु. अर्थात जम्मा ७१.५६ प्रतिशत र हाल सम्म कुल जम्मा आयको ६६ करोड ७८ लाख १४ हजार ४ सय ८७ रुपैया खर्च अर्थात ६३.५ प्रतिशत खर्च भएको छ ।

**अध्यक्ष महोदय**

चालु आ.व. को बजेटमध्ये यस असार मसान्त सम्म खर्च हुन नसकेको ससर्त, विशेष र समपुरक बजेट सम्बन्धित सरकारको कोषमा  समर्पण गरी अन्य रकम नगरपालिकाको संचित कोषमा जम्मा हुने व्यवस्था मिलाएको छ । साथै कतिपय काम सुरु हुन् नसकेका योजनाहरु संसोधन गरी कार्यपालिकाबाट स्वीकृत भएका योजनामा बजेट विनियोजन तथा रकमान्तर गरी स्वीकृतिका लागि यस सभामा पेश गरको छ । प्राथमिकता प्राप्त तर सम्पन्न हुन नसकेका चालु वर्षका योजना तथा कार्यक्रमलाई क्रमागत रुपमा आगामी आ.व.मा  निरन्तरताको लागि समेत अनुसूचिमा उल्लेख गरी यस सभा समक्ष  अनुमोदनका लागि पेश गरेको छ ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेट, योजना तथा कार्यक्रमहरूको श्रोत, तर्जूमा गर्दा अपनाइएका आधार, बजेट सीमा र विनियोजन, कानूनी तथा प्रक्रियागत विधिहरू यस सभा समक्ष पेश गर्न चाहन्छु ।

संघीयता र लोकतन्त्र, जनतामा निहित सार्वभौम सत्ता, संविधानको भावना र स्थानीय शासनको मर्म बमोजिम हामि अगाडि बढेको सबैमा विदितै छ । जुन  आजको आवश्यकता पनि हो । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ महिनाको १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्थाको सम्मान पनि उतिकै आवश्यक छ । जुन हामी थप सिघ्र  कार्यान्वयनका लागि सक्रिय छौं ।

यसका लागि  नगरपालिकाले नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट यस नगरपालिकालाई प्राप्त बजेट र आन्तरिक आय समेत गरी स्रोत अनुमान तथा सीमा निर्धारण समितिबाट पेश भै कार्यपालिकाको स्वीकृति सहित अनुमोदनका लागि यस सभामा पेश गरेको छ । उप- प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू समेत सिफारिस भै कार्यपालिकाबाट स्वीकृत गरी यस सभामा आगामी आर्थिक वर्षका लागि सो करका दर अनुसूचीमा उल्लेख गरी अनुमोदन गर्न यस गरिमामय सभामा पेश गरेको छ ।

**अध्यक्ष महोदय ,**

अब म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु ।

जसमा आगामी आर्थिक वर्ष २०८०/८१ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्नानुसारका आधारहरू लिइएक छन् :

- नेपालको संविधान
- संघीयताको मर्म
- पन्ध्रौ आवधिक योजना
- दिगो विकासका लक्ष्य
- संघीय र प्रदेश सरकारका नीति बजेट तथा कार्यक्रम
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू, निर्णयहरू, निर्देशनहरु
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७५ (संशोधन सहित)
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारका आ.व. २०८०/८१ का नीति, बजेट तथा कार्यक्रम
- यस नगरपालिकाका प्राथमिकताहरु
- टीकापुर नगर पालिकाको वृहत् योजना २०७७
- बजेट तर्जूमा सम्बन्धमा यस नगरपालिकाका निर्णयहरु
- न.पा. को मध्यकालीन खर्च संरचना
- आम सरोकारवालाका सुझावहरु

**अध्यक्ष महोदय**

यस बजेटले देहायका उद्येश्य राखेको व्यहोरा प्रकाश पार्न चाहन्छु , जुन देहाय बमोजिम छन्

- न.पा.को कृषि, शिक्षामा गुणस्तरीय सुधार ल्याउनु
- आम नगरवासीलाई सहज सेवा प्रवाह गर्नु
- भौतिक पूर्वाधार विकास गर्नु
- सामाजिक सेवा थप सरल र प्रभावकारी तुल्याउनु
- शान्त, सौहार्द, समृद्ध र सामाजिक न्यायमा आधारित न.पा. का रुपमा विकास गर्नु

**अध्यक्ष महोदय**

बजेट निर्माणका सन्दर्भमा कानूनी र प्रक्रियागत रुपमा आगामी आर्थिक वर्षका लागि विषयगत शाखा, नगर तथा वडास्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई नगर

तथा वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूको प्राथमिकता तोकी विषयगत शाखा, समिति र बजेट तथा कार्यक्रम तर्जूमा समितिले समेत छलफल र सिफारिस गरी कार्यपालिकाबाट स्वीकृत भै अनुसूचीमा उल्लेख गर्दै स्वीकृतिका लागि आजको यस गरिमामय सभामा पेश गरेको छु ।

जसमा नगरपालिकाको आगामी आर्थिक वर्षका लागि देहाय बमोजिम श्रोत र बजेट सीमा अनुमान भएको छ ।

**जसमा अन्तर्गत संघीय अनुदान**

- वित्तीय समानीकरण १८ करोड २९ लाख
- ससर्त अनुदान चालु २७ करोड ५७ लाख र पुँजीगत २ करोड ४५ लाख
- राजस्व बाँडफाँट १४ करोड १२ लाख ५५ हजार
- विशेष अनुदान १ करोड
- समपुरक अनुदान १ करोड ६० लाख

**सूदुरपश्चिम प्रदेश सरकारबाट**

- वित्तीय समानिकरण १ करोड ६७ लाख २५ हजार
- राजस्व बाँडफाँट ९७ लाख ४६ हजार
- समपुरक ९५ लाख
- विशेष अनुदान ८० लाख
- ससर्त अनुदान ३७ लाख ५० हजार

**आन्तरिक श्रोतमा**

- आन्तरिक आय रु. ७ करोड ४४ लाख ७६ हजार ५ सय ६०
- मालपोत रजिस्ट्रेशन ३ करोड ७५ लाख
- वन रोयल्टी २२ लाख ६२ हजार

**अध्यक्ष महोदय,**

**श्रोतको अनुमान तथा बजेट सीमा**

श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सीमाको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल श्रोत रु. ७९ करोड ४८ लाख ६४ हजार ५ सय ६० निर्धारण गरेको भए पनि नेपाल सरकार र

सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुमान गरिएको विशेष, समपुरक र ससर्त बजेटमा थप रकम प्राप्त भै संसोधित कुल अनुमानित बजेट सीमा तथा श्रोत निर्धारण रु. ८१ करोड २३ लाख १४ हजार ५ सय ६० कायम गरिएको छ ।

**अध्यक्ष महोदय,**

अब म यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजन हुने बजेट पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि कूल बजेट रू.८१ करोड २३ लाख १४ हजार ५ सय ६० को अनुमान गरी जसको श्रोत सुनिश्चितता माथि नै उल्लेख गरी सकेको छु ।

**अध्यक्ष महोदय**

उक्त बजेटको सीमा भित्र रही नगर, वडास्तर र विषयगत शाखाबाट प्राथमिकीकरण गरी पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिमा छलफल गरी नगर कार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा र स्वीकृत गरी पारितका लागि आजको यस सभामा पेश गरेको छु ।

आगामी आर्थिक वर्षका लागि नगरपालिका सहित सम्पूर्ण वडाको साधारण/चालु खर्च तर्फ कूल १४ करोड ६० लाख र नगरपालिकाको प्राथमिकता प्राप्त निरन्तर चालु तथा पुँजीगत योजनामा ८ करोड ४३ लाख गरी जम्मा २३ करोड ३ लाख विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय**

चालु खर्च मध्येबाट नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण स्थायी/अस्थाई /समायोजित कर्मचारीहरूको हकमा संघीय र प्रदेश सरकारले कायम गरेको तलबमान तथा मापदण्डका आधारमा तलब, भत्ता तथा अन्य थप सुबिधा नबढ्ने गरी विनियोजन गरेको छु । वित्तीय हस्तान्तरणमा आएको संकुचता, आन्तरिक आम्दानीको सीमितता, वित्तीय दबाब, अनुत्पादक सिर्जित दायित्व र आन्तरिक बचत हुने सम्भावना समेत नरहेकोले अन्य कर्मचारी र नगरपालिकाले दायित्व व्यहोरेका कुनै पनि किसिमका कर्मचारी तथा अन्य सेवा सुविधा प्रापकको हकमा विगत वर्ष झैँ करार सम्झौता र कानून तथा संसोधन बिनाको विद्‌यमान कार्यविधि विपरित नहुने गरी थप सेवा सुविधा नबढ्ने गरी बजेट विनियोजन गरेको छु । साथै सोहि अन्तर्गत कार्यालय सञ्चालन खर्च समेत प्रस्ताव गरेको छु । चालु खर्च तर्फ नै निर्वाचित जनप्रतिनिधीहरूको लागि

सुदूरपश्चिम प्रदेश सरकारले तोकेको कानून बमोजिमको सेवा सुविधा समेत विनियोजन गरेको छु । जुन अनुसूचीमा उल्लेख गरेको छु ।

**अध्यक्ष महोदय**

आगामी आर्थिक वर्षका लागि समपुरक, विशेष तथा ससर्त बाहेक नगरपालिकाको कूल पुँजीगत खर्च रू. २० करोड ५० लाख ६४ हजार ५ सय ६० र चालु तर्फ २५ करोड ९८ लाख विनियोजन गरीएको छ । संघीय तथा सुदूरपश्चिम प्रदेशबाट प्राप्त कतिपय ससर्त र अन्य समपुरक तथा विशेष अनुदान बजेट पनि पुँजीगत खर्च अन्तरगत रही यसको परिमाण बढ्ने देखिन्छ । साथै पुँजीगत रकममा वडाको लागि ५ करोड ६० लाख, समपुरकमा ४ करोड, नगर गौरवका योजना कार्यान्वयनका लागि प्रत्यक वडाको लागि एउटा सडक कालोपत्रे गर्न ७ करोड २० लाख, नगरस्तरीय आयोजनाको लागि २ करोड ६० लाख ६४ हजार ५ सय ६०, विषयगत शाखाको लागि २ करोड ९५ लाख र नगर कार्यपालिकाबाट सिर्जित दायित्व समेतका लागि १ करोड १० लाख विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय**

यसै गरी आगामी आर्थिक वर्षमा सबै वडाहरूको लागि जम्मा पुँजीगत रकम रु.५ करोड ६० लाख अन्तर्गत पूर्वाधार विकासमा ३ करोड २ लाख ४० हजार , आर्थिक विकास क्षेत्रमा १ करोड १२ लाख, सामाजिक विकासमा १ करोड १२ लाख, वातावरण तथा विपद्को क्षेत्रमा १६ लाख ८० हजार, संस्थागत विकास सेवा प्रवाह र सुशासनमा १६ लाख ८० हजार विनियोजन गरेको छु ।

अध्यक्ष महोदय

यसका लागि प्रत्येक वडा समितिले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रस्ताव गरेको छु । वडास्तर बाटै छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा माग भै आएमा सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाएको छु । प्रत्येक वडास्तरबाट बजेट सीमा बमोजिम सिफारिस भई आएका योजना र कार्यक्रमहरूको नामावली अनुसूचीमा उल्लेख गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१) विषयगत शाखा**

जसमा विषयगत शाखा अन्तर्गतको २ करोड ९५ लाख विनियोजन गरेको छ । विगतका प्राथमिकता तथा आवश्यकतालाई निरन्तरता दिदै विषयगत शाखाको बजेट देहाय बमोजिम हुने गरी व्यवस्था गरेको छ ।

- कृषि क्षेत्रमा २० लाख विनियोजन गरी जसका मुख्य कार्यक्रम खाद्यान्न बाली विकास, बिमा र संरक्षण मल ढुवानी यान्त्रिकरणमा जोड दिएको छ ।
- पशु विकासमा १० लाख विनियोजन गरी पशु स्वास्थ्य सेवा संचालन, पशु नश्ल सुधार कार्यक्रम, दुध तथा मासुमा आत्मनिर्भर कार्यक्रम, नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन, घाँस बिउ उत्पादन र बिमाजस्ता कार्यक्रम अगाडि बढाएको छु ।
- शिक्षामा ३० लाख विनियोजन गरी विद्यालय सघन अनुगमन र शैक्षिक क्षेत्र सुधार इ–सिकाइ र सम्मान, वैकल्पिक शैक्षिक सिकाई कार्यक्रम, स्थानीय पाठ्यक्रमको बिस्तार, विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम, हरेक विद्यालयमा फोहर व्यवस्थापन कक्षा, स्थानीय पाठ्यक्रमको कक्षा बिस्तार तथा सामग्री निर्माणमा पहल गर्ने साथै निजी शिक्षकको लागि अनुदानको समेत छुट्टै बजेटको व्यवस्था गरेको छु ।
- महिला, बालबालिका,जेष्ठ नागरिक तथा समाजकल्याणमा २० लाख विनियोजन गरी महिला हिंसा अन्त्य, किशोरीका लागि जीवनोपयोगी कार्यक्रम, सामाजिक समावेशीकरणमा जोड गरेको छु ।
- सबैका लागि स्वास्थ्य अभियान अन्तर्गत ६५ लाख विनियोजन गरी मुख्य कार्यक्रम, जनशक्ति सशक्तिकरण, महामारी प्रकोप नियन्त्रण, जेष्ठ नागरिक नि:शुल्क उपचार, कचहरी र घरदैलो कार्यक्रम, स्वास्थ्य संस्था सुदृढीकरण तथा सबलीकरण कार्यक्रम, एकीकृत ambulance संचालन कार्यक्रम, परिभाषित नि:शुल्क औषधि वितरणको व्यवस्था मिलाएको छु ।
- टीकापुर बंगला पार्कको उचित व्यवस्थापनको लागि १५ लाख र भौतिक पूर्वाधार निर्माणको लागि थप ५० लाख विनियोजन गरेको छु ।
- सूचना प्रविधिमा आइ टि हबको निरन्तरता, data पोर्टलको निरन्तरता, सूचना व्यवस्थापन, software स्तरोन्नति, डिजिटल नगरपालिकाको विकास प्रयासका लागि १० लाख विनियोजन गरेको छु ।

- न्यायिक निरोपण, कानून निर्माण, संसोधन तथा परिमार्जनका लागि रु. १५ लाख विनियोजन गरी स्थानीय मेलमिलाप, न्यायिक पहुँज, सहजता र व्यवस्थापनमा जोड दिएको छ ।
- प्राकृतिक चिकित्सा तथा आयुर्वेद औषधी उपचार, योगमा सचेतनाको लागि रु.५ लाख छुट्याएको छ ।
- LEOC को अन्तरपालिका CLUSTER निर्माण तथा फोहरमैला व्यवस्थापन गर्न रु.१० र वातावरण संरक्षणका लागि रु.१० लाख विनियोजन गरेको छ ।
- विपन्नलाई टेवा सहकारी मार्फत समृद्धी र सेवा, उद्यमशिलता विकास र उपभोक्ता हित संरक्षणमा रु.१५ लाख खर्च हुने गरी छुट्याएको छ ।
- जनशक्ति क्षमता विकास संथागत सुशासन, उत्तरदायित्व विकास तथा नगरपालिका सेवा प्रवाह सहजताको लागि रु. ५ लाख विनियोजन गरेको छ ।
- सामाजिक सुरक्षा र पञ्जीकरणलाई व्यवस्थित गर्न अभिलेखिकरणलाई वैज्ञानिक व्यवस्थापनको लागि रु.५ लाख कायम गरेको छ ।
- पूर्वाधारको गुणस्तर कायम र भवन निर्माण शाखाको प्राविधिक क्षमता विकास मा रु.१० लाख विनियोजन गरेको छ ।
- कर व्यवस्थापनको प्रभावकारिता, करदाताको सम्मान, व्यवसाय दर्ता तथा अन लाइन राजस्व प्रणालीको लागि रु.१० लाख विनियोजन गरको छ ।
- बालबिकास सहजकर्ता, विद्यालय कर्मचारी लगायत निजि शिक्षकको लागि नगरपालिकाको चालु बजेटमा विद्यमान कार्यविधि बमोजिम हुने गरी विनियोजन गरेको छ ।
- भूमि आयोगको कामकारबाहीलाई शीघ्रता दिन रु.२० लाख विनियोजन गरेको छ ।
- संघ संस्था समन्वय शाखाको समन्वय तथा विकास साझेदारको रुपमा आगाडि बढाउन रु.२० लाख बजेटको व्यवस्था गरेको छ ।

**२) यसका साथै विविध विशेष योजना तथा कार्यक्रम**

- महामारी तथा विपद् व्यवस्थापन कोषमा रु.१ करोड ४० लाख जम्मा गर्ने व्यवस्था मिलाएको छ ।

- नगरपालिकाले प्रदेश सरकार, नेपाल सरकार तथा अन्य विकास साझेदार संस्थासंग साझेदारी विकास गर्ने गरी समपुरक कोषमा रु.४ करोड विनियोजन गरेको छ ।
- सबै वडा जोड्ने सडक तथा अन्य रुपान्तरणकारी योजनाको विकास र स्तरोन्नति गर्ने प्रत्यक वडाको लागि ८० लाख (जम्मा ७ करोड २० लाख) र नविन कार्य वार्ड विशेष सुविधामा बिस्तार, वैकल्पिक उर्जा विकास, नगर भौतिक पूर्वाधार विकास तथा नगर सुविधा बिस्तारका आयोजनाका लागि रु.२ करोड ६० लाख ६४ हजार ५ सय ६० विनियोजन गरेको छ ।
- लक्षित तथा अन्य विषेश कार्यक्रममा जनतासंग जनप्रतिनिधि कार्यक्रम, जनताको कर जनतामै लगानी, शैक्षिक सुधार सुनिश्चित कोष, महिला हिंसा न्यूनीकरण, अनाथ असहाय छात्रवृत्ति, नि:शुल्क रक्त जीवनदान, सडक मानवमुक्त, हाम्री छोरी प्यारी छोरी, सामुदायिक चौपाया व्यवस्थापन, होम टु हस्पिटल, टीकापुर अस्पताल चिकित्सक सहयोग, प्राविधिक शिक्षा छात्रवृति, आमा/ बुवासंग उपमेयर, साँस्कृतिक प्रवर्धन, लब्ध प्रतिष्ठित व्यक्ति सम्मान, उज्यालो टीकापुरजस्ता कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छ ।
- युवा तथा खेलकुद, नगर प्रमुख खेलकुद, युवा सशक्तिकरण, युवा परिचालन विकासमा युवाको सक्रिय योगदानजस्ता विषयलाई समेत प्राथमिकता दिएको छ ।
- विविधमा योजना उपकरण खरिद, पूर्वाधार ल्यावको निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- नगरपालिकाको दायित्वमा रहेका कोषहरु कर्मचारी कल्याण कोषमा रु.२० लाख, मर्मत सम्भार कोषमा रु.२५ लाख, महिला हिंसा न्यूनीकरण कोष, वातावरण संरक्षण कोष लगायतका कोषमा समेत निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छ ।
- सामाजिक विकास अन्य संघ संस्था र बहुक्षेत्रीय पोषण तथा विकास साझेदार सहायताका सन्दर्भमा सम्बन्धित संघ संस्थाले पेश गरेको प्रस्ताव बमोजिम हुने गरी आवश्यक व्यवस्था गरेको छ ।

**<u>अध्यक्ष महोदय</u>**

आगामी आर्थिक वर्षका लागि संघीय सशर्त अनुदान अन्तर्गत संघीय रकम  चालु रू.२७ करोड ५७  लाख र पुँजीगत ससर्त बजेट तर्फ रु.२ करोड ४५ लाख, संघीय समपुरक बजेट रु.१ करोड ६० लाख, संघीय विशेष अनुदान रु.१ करोड  र सुदूरपश्चिम प्रदेश सरकारबाट समपुरक अनुदान रु.९५ लाख, विशेष अनुदान रु.८० लाख र ससर्त अनुदान रु.३७ लाख ५० हजार तोकिए बमोजिमका योजनामा हुबहु खर्च हुने गरी विनियोजन प्रस्ताव गरेको छु ।

**अध्यक्ष महोदय**

संघीय वित्तीय हस्तान्तरित बजेटबाट विनियोजन भएका क्षेत्रगत योजना तथा कार्यक्रमहरु निम्न बमोजिम पेश गरेको छु ।

- लघु उद्यम विकास कार्यक्रममा १२ लाख
- राष्ट्रिय ग्रामिण तथा नविकरण उर्जामा ८ लाख
- कृषि विकास रणनीति अनुगमन तथा समन्वयमा १३ लाख
- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना ११ लाख
- कृषि कार्यक्रम अन्तर्गत १९ लाख
- पशु सेवा संचालनमा १० लाख
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम संचालन ९ लाख
- खेलकुदमा १ लाख
- आवास व्यवस्थापनमा ३५ लाख
- बस्ती विकास कार्यक्रम ३० लाख
- सबैका लागि शिक्षा कार्यक्रम – आधारभूतमा १० करोड ७७ लाख
- माध्यामिक तहको लागि ३ करोड ३५ लाख
- विद्यालय शिक्षा क्षेत्र योजना ८ करोड ४८ लाख र पुँजीगत तर्फ १ करोड
- बहुक्षेत्रीय पोषण कार्यक्रम ३ लाख
- तराइ मधेश समृद्धि कार्यक्रम २५ लाख
- स्वास्थ्य सेवामा १ करोड ३२ लाख
- स्वास्थ्य सेवा कर्मचारी सेवा सुविधा १ करोड ४६ लाख
- आयुर्वेद सेवा कार्यक्रम ६ लाख
- रोजगार प्रवर्धन कार्यक्रम ३४ लाख
- प्रधानमन्त्री रोजगार कार्यक्रम ३८ लाख

- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा ५१ लाख पुँजीगत र थप २ लाख विनियोजन गरीएको छ ।
- प्राविधिक तथा व्यावसायिक तालिम परिषद् विशेष कार्यक्रम १२ लाख
- सघन सहरी विकास कार्यक्रम २० लाख
- झोलुंगे पुल निर्माण २५ लाख

सो सम्बन्धी विस्तृत विवरण SuTra को अनुसूची विवरणमा संलग्न  गरेको छु ।

यस शीर्षक अन्तर्गतको बजेट सशर्त, विशेष तथा समपुरक अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम नेपाल सरकार अर्थ मन्त्रालयको LMBIS बाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गर्दछु ।

यसर्थ नगरपालिका तथा मातहतका सम्पूर्ण संस्था तथा कार्यालयको चालु तथा पुँजीगत  २५ करोड ९८ लाख, ससर्त, समपुरक, विशेष बाहेक तथा  नगर कार्यपालिकाले सिर्जना गरेको दायित्व सहित नगरपालिका पुँजीगत २० करोड ५० लाख ६४ हजार ५ सय ६०, नेपाल सरकार ससर्त चालु अनुदान रु. २७ करोड ५७ लाख, नेपाल सरकार ससर्त  पुँजीगत रु. २ करोड ४५ लाख, नेपाल सरकार विशेष अनुदान १ करोड, समपुरक अनुदान रु. १ करोड ६० लाख, सुदूरपश्चिम प्रदेश सरकार समपुरक अनुदान रु. ९५ लाख, विशेष अनुदान ८० लाख, प्रदेश ससर्त अनुदान रु. ३७ लाख ५० हजार  र नगरपालिका आन्तरिक आयमा रु. ७ करोड ४४ लाख ७६ हजार ५ सय ६०, मालपोत रजिष्ट्रेशन शुल्क रु. ३ करोड ७५ लाख र राष्ट्रिय वनबाट प्राप्त रोयल्टी रु. २२ लाख ६२ हजार अनुमान गरी कुल जम्मा रु. ८१ करोड २३ लाख १४ हजार ५ सय ६० को  आ.व. २०८०/८१ को लागि बजेट विनियोजन गरेको छु ।

<u>अध्यक्ष महोदय,</u>

नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन, प्राविधिक क्षमता, कर्मचारी आचरण, अनुशासन तथा लगनशीलता महत्वपूर्ण अवयव हुन् । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई

अनुभूति हुने किसिमले सकेसम्म सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाई आफ्नै वडा कार्यालय, स्वास्थ्य संस्थाबाट सेवा प्रवाहमा थप सशक्त बनाइनेछन् । तसर्थ वडा कार्यालयको निर्माणाधीन तथा थप भवन र अन्य पूर्वाधारको कार्य सम्पन्नतामा शीघ्रता दिईनेछ ।

अध्यक्ष महोदय,

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरीक समाज, स्थानीय बुद्धिजिवी, नगरवासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा,

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोल बस्तीवासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्यज्यूहरु, विभिन्न समितिहरूका सदस्यज्यूहरू, विषय क्षेत्रगत समूहका सदस्यज्यूहरू, नगर कार्यपालिकाका सबै सदस्यज्यूहरू लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदय नगरपालिका प्रमुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनुहुने नगर कार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई धन्यवाद दिदै बिदा हुन चाहन्छु ।

धन्यवाद ।

प्रस्तुतकर्ताः
खडक बहादुर शाह
नगर उप-प्रमुख